लुङ्ग्री गाउँकार्यपालिकाको बैठक मिति २०८० १०/२६ बैठक संख्या: १०

# संवत् २०८० साल माघ २६ गते बसेको कार्यपालिकाको १०औं बैठकका निर्णयहरु:

**बैठकका प्रस्तावहरू:**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२. समपूरक तथा विशेष अनुदान सम्बन्धमा।
३. विविध सम्बन्धमा:

**बैठकका निर्णयहरु:**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा गर्ने।

२. समपूरक तथा विशेष अनुदान सम्बन्धमा: आगामी आ.व. २०८१।०८२ को समपूरक अनुदानका लागि देहाय बमोजिमका पुर्व तयारी पुगेका योजनाहरु प्राथमिकिकरण गरी राष्ट्रिय योजना आयोगमा माग गर्ने।

| क्र.सं. | योजनाको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | वडा नं ७ हार्जङ स्वास्थ्य चौकी भवन निर्माण | २,३४,९५,८१०.९०/- | नयाँ |
| २ | धाराखर्क डाडाँ देखि ज्योती आ.बि. जोड्ने बाटो, लुङ्ग्री वडा नं ६ | १२,४०,०६,३६४.१२/- | नयाँ |

आगामी आ.व. २०८१।०८२ को विशेष अनुदानका लागि देहायका योजनाहरु विशेष अनुदान कार्यक्रमको लागि प्राथमिकिकरण गरी राष्ट्रिय योजना आयोगमा माग गर्ने।

| क्र.सं. | योजनाको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार र क्षमता विकासका लागि आधारभूत स्वास्थ्य प्रणाली सुदृढीकरण परियोजना | ४,८६,९५,०००.००/- | क्रमागत |
| २ | स्वास्थ्य चौंकी भवन निर्माण, लुङ्ग्री १ रोल्पा | २,१६,०२,९८९.२२/- | नयाँ |

३. विविध सम्बन्धमा: देहायका विविध बिषयहरुमा निर्णय गर्ने।

(क) लुङ्ग्री गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०८० पारित गर्ने।

(ख) लुम्बिनी प्रदेश सरकारद्वारा मिति २०७९/१२/१७ गते प्रकाशित राजपत्रमा स्थानीय तहको निर्णयबाट सम्बन्धित स्थानीय तहभर दिन बिदा दिने प्रावधान मुताविक नेपालको राजनैतिक व्यवस्था परिवर्तको सन्दर्भमा भएको सशत्र संघर्ष जयुद्ध र ऐतिहासिक जन आन्दोलनका सहिदहरुको स्मरण गर्नका साथै सहिद, वेपत्ता, घाइते तथा अपाङ्गता भएका व्यक्ति एवम् परिवारलाई भेटघाट, सम्मानका लागि यस लुङ्ग्री गाउँपालिका मातहतका सम्पूर्ण सरकारी तथा गैरसरकारी (स्वास्थ्य तर्फका आकस्मिक तथा अत्यावस्यक सेवा बाहेक) कार्यालयहरुमा १ (एक) दिन स्थानीय बिदा दिने।

(ग) यस लुङ्ग्री गाउँपालिका र अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका स्थानीय तह बिच भगिनी सम्बन्ध स्थापना गर्नका लागि कार्यविधि बनाई आवस्यक प्रक्रिया अगाडी बढाउने।

लुङ्ग्री गाउकार्यपालिकाको बैठक मिति २०८०/१०/२६ बैठक संख्या: १०

(घ) लुङग्री गाउँपालिकाबाट रोल्पा जिल्ला स्तरीय दोस्रो राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा सहभागी हुँदा भएको खर्च मध्ये विजेता विद्यार्थी खेलाडीहरुलाई दिइएको पुरस्कार वापतको रकम विविध खर्च शिर्षकबाट र अन्य व्यवस्थापन/सामग्री खरिद वापतको बिल बमोजिमको (रु २,८०,०००/- दुइ लाख असी हजार मात्र नबढ्ने गरी) रकम अन्य कार्यालय सञ्चालन खर्च शिर्षकबाट भुक्तानी दिने।

(ङ) जिल्ला स्तरीय न्यायिक समिति, रोल्पाको बैठकबाट भुकम्प प्रभावित क्षेत्रमा सहयोग गर्नका लागि प्रत्येक पालिकाबाट रु २०,०००/-(अक्षरेपी विस हजार रुपैयाँ) मात्र आर्थिक सहयोग गर्ने निर्णय भएकोले भुक्तानी दिने।

(च) ज्योती प्रा.वि. उदिनढुङ्गामा विद्यार्थी भार कम भएकोले कार्यरत श्री खिमविक्रम पुनलाई बिद्यार्थी भार बढी भएको नेपाल राष्ट्रिय माध्यायिक विद्यालय, हार्जङमा काजमा खटाउने।

(छ) सशस्त्र प्रहरिले पेश गरेको इन्धनको बिल अनुसारको रकम रु ३०,०००/- (अक्षरेपी तिस हजार रुपैयाँ) कन्टेन्जेन्सी वापतको रकमबाट भुक्तानी दिने।

(ज) बर्षातको समयलाई मध्येनजर गरि लालुबाङमा मोटरेवल अस्थायी पुल निर्माणका लागि सम्भाव्यता अध्ययन गर्न प्राविधिक सहित गाउँपालिकाबाट अनुगमन गर्ने।

निर्णय प्रमाणित गरिएको छ।